आज मिति २०७६।१२।१९ गते नगरस्तरिय आपूर्ति व्यवस्थापन समितिको बैठक यस समितिका संयोजक श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>तपसिल</u>

(क) उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख श्री विशाल शर्मा | संयोजक |
| २. नगर उपप्रमुख श्री राधा रोका | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. | सदस्य |
| ४. इलाका प्रहरी कार्यालय प्रमुख श्री धर्मसिंह बिष्ट | सदस्य |
| ५. शितल मा.वि. प्रधानाध्यापक श्री यदु राणा | सदस्य |
| ६. उद्योग वाणिज्य संघ अध्यक्ष श्री प्रेम सुनार | सदस्य |
| ७. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख श्री रामकुमार गौतम | सदस्य |
| ८. प्रशासन उपशाखा प्रमुख श्री देवबहादुर बटाला | सदस्य सचिव |
| ९. न्या.अ. श्री दण्डप्रसाद शर्मा | आमन्त्रित सदस्य |

विशेष उपस्थिति

कर्णाली प्रदेशसभा सदस्य माननीय गोपाल शर्मा

(ख) प्रस्ताव तथा निर्णयहरु

<u>निर्णय नं. १</u> : मिति २०७६।१२।१७ गतेको विपद् व्यवस्थापन समितिको निर्णयानुसार गठित वडास्तरिय आपूर्ति व्यवस्थापन समितिले वडा कार्यालय मार्फत सिफारिस गरी पठाएका तत्काल रोजगारीको अभावमा दैनिक गुजारा चलाउन नसक्ने घरपरिवारहरुको विवरणमा आवश्यक छानबिन गरी अनुसूची १ बमोजिमको विवरण अनुसार हुने गरी राहत प्याकेज उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. २</u> : राहत प्याकेज उपलब्ध गराउँदा प्रचलित बजार मूल्य समेतलाई विश्लेषण गरी प्राप्त परामर्श समेतको आधारमा देहाय बमोजिमको दररेट निर्धारण गरी नगरपालिकाले

एकमुष्ठ खरिद गरी संलग्न विवरणको आधारमा सम्बन्धित वडा कार्यालयमा पठाउने र वडास्तरिय आपूर्ति व्यवस्थापन समितिले वडा कार्यालय मार्फत विवरण अनुसारको घरपरिवारलाई राहत प्याकेज २०७६/१२/२२ गतेभित्र वितरण गरी सोको भर्पाई र वितरणको प्रतिवेदन नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

<u>दररेट</u>

| क.स. | आइटम | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १. | चामल (सोना मनसुलि राम्रोमा) | ७० | प्रतिकेजी |
| २. | दाल (मसुरो वा मास राम्रोमा) | १२० | प्रतिकेजी |
| ३. | तेल | १८० | प्रतिलिटर |
| ४. | चिनि | ८० | प्रतिकेजी |
| ५. | चियापत्ति | २० | प्रतिप्याकेट |
| ६. | आयोडिन नुन | २५ | प्रतिकेजी |

<u>निर्णय नं. ३ :</u> तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने घरपरिवारको विवरण आउन बाँकी वडाहरुलाई पुनः ताकेता गरी मिति २०७६/१२/२० गतेभित्र विवरण उपलब्ध हुन सक्ने व्यवस्था मिलाउने । प्राप्त विवरण नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले छानविन गरी स्वीकृत गरे अनुसार राहत वितरण हुने व्यवस्था मिलाउने ।

<u>निर्णय नं. ४ :</u> निर्णय नं. १ अनुसारको अनुसूची १ बमोजिमको विवरणमा थप छानविन तथा अध्ययन गरी वास्तविक लक्षित घरपरिवारको विवरण एकीन गरेरमात्र नगरपालिकाले राहत प्याकेज वितरणको व्यवस्था मिलाउने । वडा नं. १, २, ३, ५, ७, ९, र १० बाट प्राप्त विवरण अस्वभाविक देखिएकोले उक्त विवरणलाई विस्तृत रुपमा छानबिन गरी तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न कठिन घरपरिवारको विवरण एकीन गरेरमात्र राहत वितरण हुने व्यवस्था मिलाउने । गलत विवरण दिने वडाका वडा अध्यक्ष, वडा सदस्य र वडा सचिवलाई स्पष्टिकरण सोध्ने ।

बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।